नेपाली इसाई मण्डली (ज्ञानेश्वर चर्च)
NEPALI ISAI MANDALI (GYANESHWOR CHURCH)
२०१४/1957

नेपाली इसाई मण्डली
# सूचनापत्र
मासिक
साउन/भदौ २०६९ (August 2012) वर्ष १६/अङ्क १८५

## एक-अर्काप्रतिको प्रेम

– पाष्टर रोबर्ट कार्थक

(यूहन्ना १३:३४-३५/१ यूहन्ना २:७-११/१ यूहन्ना ४:१९-५:२)

एकपल्ट पवित्र आत्माको बप्तिस्मा पाएकाहरूले फेरि पवित्र आत्माको बप्तिस्मा लिन पर्दैन तर तिनीहरूले आत्माको ताजा भरपूरी हरसमय लिइराख्नुपर्छ । हामी जतिले पवित्र आत्माको बप्तिस्मा पाएका छौं, परमेश्वर पिताले हामीलाई 'प्रेमको बप्तिस्मा' पनि दिनुभएको छ । "तपाईंको गम्भीर प्रेमको सागरमा डुबें प्रभु म" भनेर हामी भजन गाउँछौं । खीष्टको रगतले चोख्याइएका रित्ता भाँडाहरू परमेश्वरको प्रेमको सागरमा डुबाइएर निकालिएपछि परमेश्वरको प्रेमले भरिएका हुन्छन् । यसरी डुबाइनु नै बप्तिस्मा पाउनु भनेको हो । हामी सधैँ परमेश्वरको प्रेमले भरिएको हुनुपर्छ र मात्र हामीबाट यो प्रेम अरूहरूतर्फ बगेर जान सक्छ । येशू प्रभुले आफ्ना चेलाहरूलाई भन्नुभयो, "एउटा नयाँ आज्ञा म तिमीहरूलाई दिँदैछु, तिमीहरू आपसमा प्रेम गर जस्तो मैले तिमीहरूलाई प्रेम गरेको छु, तिमीहरूले पनि आपसमा प्रेम गर । यदि तिमीहरूले आपसमा प्रेम गर्‍यौ भने, तिमीहरू मेरा चेलाहरू हौ भनी यसैबाट सबैले जान्नेछन्" (यूहन्ना १३:३४-३५) । 'आपसमा प्रेम गर' भन्ने यो आज्ञा नयाँ आज्ञा होइन, पुरानै हो । "जस्तो मैले तिमीहरूलाई प्रेम गरेको छु"- यो थपनीले यस पुरानो आज्ञालाई नयाँ रूप दिँदछ । म परमेश्वर पितालाई प्रेम गर्छु भन्नेहरूले परमेश्वर पिताका छोराछोरीहरूलाई पनि प्रेम गर्नुपर्छ । पितालाई मात्र प्रेम गर्ने तर उहाँका छोराछोरीहरूलाई चाहिँ प्रेम नगर्ने यस्तो कुरो हुनै सक्दैन (१ यूहन्ना ४:२१) । परमेश्वरलाई आज दुःख लागेको कुरो यही हो, हामी परमेश्वर पितालाई प्रेम गर्छौं भनी भन्छौं तर उहाँका प्यारा छोराछोरीहरू, हाम्रा आफ्नै दाज्यू-भाइ, दिदी-बहिनीहरूलाई घृणा गर्छौं । कतिचोटि परमेश्वर भन्नुहुन्छ होला, यो धोका मात्र हो कारण जुन मानिसहरूलाई मैले आफ्नो एकमात्र प्यारो पुत्रको बलिदानद्वारा आफ्ना छोराछोरी बनाएको छु, तिनीहरूलाई चाहिँ घृणा गरेर 'हामी परमेश्वर पितालाई प्रेम गर्छौं' भनेर धाक पिट्नेहरूको यो कपटीपना हो, बहाना हो, धोखाबाजी हो । मेरा छोराछोरीहरूलाई प्रेम नगर्नेले मलाई पनि साँचो प्रेम गर्न परमेश्वर पितालाई प्रेम गर्नेले आफ्नै परिवारका दाज्यू-भाइ, दिदी-बहिनीहरूलाई पनि प्रेम गर्नुपर्छ (१ यूहन्ना ४:२०-५:२) ।

मण्डलीलाई चाहिएको प्रेमको बप्तिस्मा यही हो । प्रेमले छिमेकीको खराबी गर्दैन । प्रेम गर्नु नै व्यवस्था पूरा गर्नु हो कारण समस्त व्यवस्था एउटै वाक्यमा पूरा भएको छ, "तैँले आफ्नो छिमेकीलाई आफूलाई झैं प्रेम गर्" (गलाती ५:१४) । हामीले प्रभुमा हाम्रा भाइ-बहिनीहरूलाई चिन्नुपर्छ र तिनीहरूलाई प्रेम गर्नुपर्छ । शुरूको मण्डलीलाई हेरेर मानिसहरूले भन्ने गर्थे, "हेर त, तिनीहरूले एका-अर्कालाई कति धेरै प्रेम गर्छन् ।" आज त्यो प्रेम मण्डलीमा देखिँदैन । विश्वासीहरू मुखले प्रेम बोले तापनि हृदयमा दुश्मनी, बेमेल, इर्ष्या, क्रोध राख्छन् । कसैलाई कसैको वास्ता छैन । पवित्र आत्मा पाएका मानिसहरूको जीवनमा प्रेमको फल सधैँ फलिरहनुपर्ने हो कारण पवित्र आत्माको फल नै प्रेम हो (गलाती ५:२२) । परमेश्वरले उहाँको आफ्नै ईश्वरीय अगापे प्रेम पवित्र आत्माद्वारा हाम्रो हृदयमा खन्याउनुभएको छ (रोमी ५:५) ।

परमेश्वरको प्रेम अचम्मको छ । उहाँको प्रेम अटल छ, जो कहिल्यै पनि टल्दैन । त्यो अनन्तको प्रेम हो जसको कहिल्यै अन्त्य हुँदैन । यर्मिया ३१:३ मा उहाँ भन्नुहुन्छ, "अनन्त प्रेमले मैले तँलाई प्रेम गरेको छु । यसैकारण तँप्रति मैले मेरो विश्वासयोग्यता कायम राखेको छु ।" कति अवस्थामा हामी सोच्ने गर्छौं, यदि हामीले पाप गरिहाल्यौं भने परमेश्वर हामीलाई प्रेम गर्नुहुन्न तर परमेश्वरको प्रेम विना शर्तको प्रेम हो । हामीले पाप अपराध गरिहाल्यौं भने पनि उहाँले हामीलाई प्रेम गरिरहनुहुन्छ । हामी असल भएको कारणले नै उहाँले हामीलाई प्रेम गर्नुभएको होइन । रोमी ५:८ ले भन्दछ, "तर परमेश्वरले हाम्रा निम्ति उहाँको प्रेम यसैमा देखाउनुहुन्छ कि हामी पापी छँदै खीष्ट हाम्रा निम्ति मर्नुभयो ।" हामी जस्तै खराब अवस्थामा भएपनि हामीलाई उहाँले प्रेम गरिरहनुहुन्छ कारण खीष्ट येशूलाई ग्रहण गरेर हामीलाई उहाँका सन्तान, उहाँका छोराछोरी हुने सौभाग्य मिलेको छ ।

असल काम गर्‍यौं भने धेरै प्रेम पाउँछौं, खराब काम गर्‍यौं भने कम्ति प्रेम पाउँछौं भन्ने डर हामीले राख्न पर्दैन कारण उहाँको प्रेम विना शर्तको प्रेम हो, उहाँले सधैँ हामीलाई एकैनासको अनन्तको प्रेमले प्रेम गरिरहनुहुन्छ । हामीले हाम्रा भाइ-बहिनीहरूलाई पनि त्यसरी नै प्रेम गरिरहनुपर्छ । तिनीहरूले हाम्रा विरूद्धमा जानी-जानी वा अजानमा केही खराब गरिहाले तापनि पिताले हामीलाई प्रेम गरिराख्नुभए जस्तै हामीले पनि तिनीहरूलाई प्रेम गरिरहनुपर्छ । यो कुरो हाम्रो मानवी प्रेमद्वारा हुन नसक्ने भएकोले नै परमेश्वरले आफ्नै अनन्तको अटल, विना शर्तको पवित्र ईश्वरीय अगापे प्रेम पवित्र आत्माद्वारा हाम्रो हृदयमा खन्याइदिनुभएको छ (रोमी ५:५) ।

'आफ्ना शत्रुहरूलाई प्रेम गर' भन्ने आदेश दिनुहुने प्रभुले धोखाबाजी गरेर उहाँलाई तीस रूपैँयामा बेच्ने यहूदा इस्करयोतीको पनि खुट्टा धुनुभयो । निर्दयतासाथ उहाँलाई क्रूसमा चढाउनेहरूका निम्ति "हे पिता, तिनीहरूलाई क्षमा गर्नुहोस्" भनी प्रार्थना गरिदिनुभयो ।

उहाँ आज हामीलाई भन्दैहुनुहुन्छ , "...तिमीहरू आपसमा प्रेम गर जस्तो मैले तिमीहरूलाई प्रेम गरेको छु, तिमीहरूले पनि आपसमा प्रेम गर" (यूहन्ना १३:३४) ।

| शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरूको नामावली | | | | | | |
|---|---|---|---|---|---|---|
| मिति | ज्ञानेश्वर | नगरकोट | सिर्जनानगर | ललितपुर | पनौती | गुरूजुधारा |
| साउन २७ गते<br>अगष्ट ११ ता. | पाष्टर रोबर्ट कार्थक<br>पाष्टर सामुएल कार्थक | श्री<br>सरुषमान तामाङ्ग | पाष्टर<br>अशोक मुखिया | श्री<br>स्टिभ नोबल्स् | पाष्टर<br>दफ्तन सादा | श्री<br>पुरुषोत्तम न्यौपाने |
| भदौ २ गते<br>अगष्ट १८ ता. | डीकन<br>सिमोन पाठक | श्री<br>सुरेन्द्र नेपाली | डीकन<br>सुरेश पुरकोटी | डीकनेस्<br>ग्रेस खालिङ | एल्डर<br>श्रीलक्ष्मी सैंजु | डीकन<br>नवराज के.सी. |
| भदौ ९ गते<br>अगष्ट २५ ता. | पाष्टर<br>प्रेम श्रेष्ठ | पाष्टर<br>अशोक मुखिया | श्री<br>सिद्धि खालिङ | पाष्टर<br>रोबर्ट कार्थक | एल्डर<br>रूबेन श्रेष्ठ | श्री<br>भिम खालिङ |
| भदौ १६ गते<br>सेप्टेम्बर १ ता. | पाष्टर सामुएल कार्थक<br>पाष्टर रोबर्ट कार्थक | **संयुक्त सेवा – ज्ञानेश्वर चर्च** | | पाष्टर<br>बि.बि. खवास | श्री<br>सिमोन भण्डारी | पाष्टर<br>रोल्याण्ड रोंगोंग |

## जानकारी

१. असार ३० गते/जुलाई १४ ता. शनिबार कुवापानीमा ३ जना विश्वासीहरूले पानीको बप्तिस्मा लिनुभयो ।

२. असार ३० गते/जुलाई १४ ता. शनिबार नेइम ललितपुर मण्डलीमा १० जना बालबालिकाहरूको बाल अर्पण भयो ।

३. श्रावण १ गते/जुलाई १६ ता. सोमबार नेइम जोरपाटी मण्डलीमा १६ जना विश्वासीहरूले पानीको बप्तिस्मा लिनुभयो ।

४. श्रावण ६ गते/जुलाई २१ ता. शनिबार १ जना विश्वासीले र श्रावण १३ गते/जुलाई २८ ता. शनिबार ३ जना विश्वासीहरूले नेइम गोंगबूँ मण्डलीमा समर्पण गर्नुभयो ।

५. श्रावण ६ गते/जुलाई २१ ता. शनिबार नेइम गुरुजुधारा मण्डलीले ५ औं वार्षिक महोत्सव मनाइयो ।

६. श्रावण १४ गते/जुलाई २९ ता. आइतबार नेइम ज्ञानेश्वर मण्डलीको २९ जनाले पानीको बप्तिस्मा लिनुभयो ।

७. श्रावण १३ गते/जुलाई २८ ता. शनिबार नेइम गोंगबूँ मण्डलीमा १४ जना बालबालिकाहरूको बाल अर्पण भयो ।

### प्रार्थनाको अनुरोध

आदरणीय पाष्टर रोबर्ट कार्थक गुरुबा अनुग्रह चर्च, धरानको ३० औं वार्षिक उत्सव यही भाद्र १२-१३ गते/अगष्ट २८-२९ ता. मंगलबार-बुधबार हुने समारोहमा पाष्टर अभिषेकको सेवकाइको लागि जाँदै हुनुहुन्छ । उहाँको सेवकाइ र यात्राको लागि प्रार्थना गरिदिऔं ।

### अगष्ट महिनाको कार्यक्रम

भाद्र १ गते/अगष्ट १७ ता. शुक्रबार बिहान १०:०० बजे महिला उपवास प्रार्थना आ-आफ्नो मण्डलीमा ।

भाद्र ३ गते/अगष्ट १९ ता.आइतबार बिहान १०:०० बजे नेइम महिला सम्मेलन ज्ञानेश्वर मण्डलीमा ।

## साप्ताहिक सेवा संगतिहरू

| कार्यक्रम | बार | समय | स्थान |
|---|---|---|---|
| आराधना सेवा | शनिबार | बिहान ७:३०, १०:०० र १२:३० बजे<br>बिहान ९:०० बजे र ११:३० बजे<br>बिहान ८:०० बजे र ११:०० बजे<br>बिहान १०:३० बजे | ज्ञानेश्वर<br>ललितपुर<br>गोंगबूँ,<br>जोरपाटी, पनौती, नगरकोट, जहरसिंह पौवा, गाम्छा, गुरुजुधारा, सिर्जनानगर, रानीपौवा, सुन्दरीजल र साहुगाउँ |
| संयुक्त आराधना सेवा | अंग्रेजी महिनाको पहिलो शनिबार | | ज्ञानेश्वर, नगरकोट, सिर्जनानगर (बिहान ७:३०, १०:०० र १२:३० बजे) |
| | अंग्रेजी महिनाको दोस्रो शनिबार (बिहान १०:३० बजे) | | गोंगबूँ |
| | अंग्रेजी महिनाको तेस्रो शनिबार (बिहान १०:३० बजे) | | जोरपाटी, गाम्छा, सुन्दरीजल, चाँगु |
| | अंग्रेजी महिनाको चौथो शनिबार (बिहान १०:०० बजे) | | ललितपुर, गुरुजुधारा |
| आत्मिकी तथा चंगाई सेवा | | महिनामा एक पटक<br>महिनामा दुई पटक | ज्ञानेश्वर, ललितपुर, सिर्जनानगर भक्तपुर, गोंगबू, गाम्छा, सुन्दरीजल<br>जोरपाटी |
| घरेलु संगति | आइतबार देखि शुक्रबारसम्म साथै हप्ताको अरू समयहरूमा विभिन्न ठाउाहरू | | |

| प्रार्थना सभा | बार | समय | स्थान | समय | स्थान |
|---|---|---|---|---|---|
| | आइतबार | बिहान ६:०० बजे | नयाँ बानेश्वर, कपन | बेलुकी ६:०० बजे | लिपिकोट |
| | सोमबार | बिहान ५:०० बजे | गोल्फुटार | | |
| | सोमबार | बिहान ६:०० बजे | ज्ञानेश्वर, जोरपाटी, नाङ्लेभारे, गाम्छा, नयाँपाटी, थली, मूलपानी-२, गोंगबूँ, पनौती सिर्जनानगर | | |
| | मंगलबार | बिहान ६:०० बजे | धापासी र बौद्ध-बज्रनगर, कमलाक्षी मनहरा पुल (पेप्सीकोला) | | |
| | बुधबार | बिहान ६:०० बजे | ज्ञानेश्वर, ललितपुर, जोरपाटी, मूलपानी-१, पनौती, सरस्वतीनगर, गुरुजुधारा, भैसेपाटी | | |
| | बिहीबार | बिहान ६:०० बजे | गोंगबूँ, ताहाचल | | |
| | शुक्रबार | बिहान ६:०० बजे | ज्ञानेश्वर, ललितपुर,जोरपाटी, गोंगबूँ, कालीमाटी, कमलाक्षी, गाम्छा, सुन्दरीजल र ताहाचल | दिउँसो ३:०० बजे | पनौती |

| शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरूको नामावली | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **मिति** | **जोरपाटी** | **जहरसिंह पौवा** | **गाम्छा** | **सुन्दरीजल** | **गोंगबूँ** | **रानीपौवा** | **साहुगाउँ** |
| **साउन २७ गते अगष्ट ११ ता.** | पाष्टर एल.पी.न्यौपाने | एल्डर जमान तामाङ्ग | एल्डर अष्ट श्रेष्ठ | एल्डर दानिएल सापकोटा | **संयुक्त सेवा** पाष्टर रोबर्ट कार्थक | डीकनेस् पूर्ण माया पाखिंन | एल्डर धन बहादुर तामाङ्ग |
| **भदौ २ गते अगष्ट १८ ता.** | पाष्टर रोबर्ट कार्थक | एल्डर जमान तामाङ्ग | **संयुक्त सेवा-जोरपाटी चर्च** | | एल्डर छोगेन कार्थक | श्रीमती रीना तामाङ्ग | डीकनेस् आशा तामाङ्ग |
| **भदौ ९ गते अगष्ट २५ ता.** | डीकन सिमोन पाठक | एल्डर अष्ट श्रेष्ठ | श्री लाक्पा लामा | श्री कृष्ण श्रेष्ठ | सुश्री रञ्जना ढुङ्गेल | श्री कुमार सेन्चुरी | एल्डर धन बहादुर तामाङ्ग |
| **भदौ १६ गते सेप्टेम्बर १ ता.** | एल्डर दानिएल सापकोटा | एल्डर जमान तामाङ्ग | श्री अनुप लामा | श्री राज गुरूङ्ग | पाष्टर बर्णबास श्रेष्ठ | **संयुक्त सेवा गोंगबूँ चर्च** | डीकनेस् आशा तामाङ्ग |

## नव दम्पत्ति परिवारलाई हार्दिक बधाई

असार ३१ गते/जुलाई १५ ता. आइतबार नेइम पनौती मण्डलीको सदस्य श्री अजय मंग्राती र जीवन साहारा एजी. चर्चको सदस्या सुश्री सम्झना रम्तेलको जीवन साहारा एजी. चर्चमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती **अजय/सम्झना मंग्राती** लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



श्रावण ९ गते/जुलाई २४ ता. आइतबार नेइम ललितपुर मण्डलीको सदस्या सुश्री माया जि.सी. र लिभिङ्ग ब्याप्टिस चर्च, थइबको सदस्य श्री संजिप राईको नेइम ललितपुर मण्डलीमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती **संजिप/माया राई** लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।

## प्रार्थनाका विषयहरू

१. आदरणीय पाष्टर रोबर्ट कार्थक गुरुबाको सेवकाइ, दीर्घायु साथै सुस्वास्थ्यको लागि प्रार्थना गरिदिऔं ।

२. देशको उच्च ओहोदामा रहेका सरकार प्रमुखहरू साथै राजनैतिक पार्टीका नेताहरूको लागि एकता र मेलमिलापमा देश चलाउनको लागि ज्ञान, बुद्धि मागिदिऔं । साथै देशको राजनैतिक, सामाजिक, आर्थिक, भौतिक तथा सम्पूर्ण क्षेत्रमा सुधार आएको होस् ।

३. प्रचारिएको सुसमाचारद्वारा धेरै मानिसहरू प्रभुको राज्यमा आउन सकून् साथै सुसमाचारको काममा नेपालका सबै मण्डलीहरू तथा संघ-संस्थाहरू अझै बोझसँग लागिपर्न सकून् ।

४. नेइमअन्तर्गत ज्ञानेश्वर, ललितपुर, जोरपाटी, गोंगबूँ, पनौती, नगरकोट, जहरसिंह पौवा, सिर्जनानगर, गाम्छा, रानीपौवा, सुन्दरीजल, गुरुजुधारा, साहुगाउँ मण्डलीहरूमा संख्यात्मक साथै गुणात्मक वृद्धिको लागि आशिष मागिदिऔं र यी मण्डलीहरूमा सेवकाई गर्नुहुने अगुवा गुरुजनहरूको लागि पनि प्रार्थना गरिदिऔं ।

५. मिशनेरी भएर विभिन्न ठाउँमा सेवकाइ गरिराख्नुभएकाहरूको परिवार, मण्डलीको लागि प्रार्थना गरिदिऔं साथै उहाँहरूको सेवकाइद्वारा अझ धेरै मानिसहरू प्रभुको राज्यमा आउन सकून् ।

६. आश्विन महिनामा हुन गइरहेको अगापे सम्मेलनमा वचनको सेवकाइ गर्नुहुने, विभिन्न मण्डलीहरूबाट आउनुहुने पाष्टर तथा सेवक/सेविकाहरूको यात्रा सो सम्मेलनमा लाग्ने खर्च साथै अगापे समितिको लागि प्रार्थना गरिदिऔं ।

७. चाडपर्वको समयमा पानीको बप्तिस्मा लिनुभएकाहरू र ग्रहण गर्नुभएकाहरू साथै अधुरा परिवारमा हुनुभएका विश्वासीहरू सबै अप्ठ्यारो परिस्थितिमा आफ्नो विश्वासमा स्थिर र अटल रहन पवित्र आत्माको सहायता मागिदिऔं ।

८. विदेशमा रोजगार, पढाईको लागि जानुभएकाहरू आफ्नो काम, पढाईको व्यस्तताको बीचमा प्रभुलाई नबिर्सिऊन् र उहाँहरू कुनै न कुनै संगतिमा रहन सकून् साथै उहाँहरूको परिवारको लागि पनि प्रार्थना गरिदिऔं ।

९. झरी वर्षाको समयमा बाढी पहिरो जस्ता प्राकृतिक प्रकोपबाट आइपर्ने दुःख, कष्टबाटको सुरक्षाको लागि प्रार्थना गरिदिऔं ।

१०. प्रभुलाई पाएर संसारतिर फर्केर गएकाहरू साथै संसारकै कुरामा अल्मलिरहेकाहरू समय छँदानै पश्चात्तापी भएर प्रभुमा फर्कन सकून् ।

११. नेपालका मण्डलीका विश्वासीहरूको लागि मृत्युपश्चात् दफनक (मृत्यु संस्कार) गर्न नेपाल सरकारले आवश्यक जग्गा समयमा नै उपलब्ध गराइदिन सकून् ।

१२. भर्माउने, प्रलोभन देखाउने, बहकाउने सबै (झूटा) शिक्षा र शिक्षकबाट मण्डलीका विश्वासीहरू सजग रहन पवित्र आत्मा परमेश्वरले नै सहायता गरून् ।

| | | | | |
|---|---|---|---|---|
| **आइतबार**<br>**Sunday** | २१ 5<br>विभिन्न सेवा संगतिहरूमा वचनको सेवकाइ गर्नुहुनेहरूको लागि प्रभुबाटको वचन र पवित्र आत्माको अगुवाइ मागिदिऔं ।<br>**२ कोरिन्थी २:१४-१७** | २८ 12<br>मण्डलीलाईअगुवाइ गरिराख्नु भएकाहरू सबै एउटै दर्शनमा अघि बढ्न सकून् र मण्डलीलाई पनि अघि बढाउन सकून्<br>**भजनसंग्रह ३२:८, १४३:१०** | ३ 19<br>नेपाल देशका सबै जिल्लाहरूमा सुसमाचार फैलिएर जान सकोस् र धेरै नेपालीहरू प्रभुको राज्यमा आउन सकून् ।<br>**१ तिमोथी २:१-८** | १० 26<br>शाखा/आवद्ध मण्डलीका पाष्टर तथा अगुवाहरूले मण्डलीलाई प्रभुको इच्छामा हुर्काउन, बढाउनलाई पवित्र आत्माको सहायता र अगुवाइ मागिदिऔं ।<br>**भजनसंग्रह ७८:७१-७२** |
| **सोमबार**<br>**Monday** | २२ 6<br>हप्ताभरि विभिन्न ठाउँहरूमा हुने बिहानको प्रार्थना सभामा मण्डलीले प्रार्थनाको महत्व बुझी प्रार्थना सभामा आउन सकून् ।<br>**यूहन्ना १४:१२-१४** | २९ 13<br>प्रत्येक विश्वासीहरूको व्यक्तिगत प्रभुसँगको संगति र पारिवारिक वेदी कहिल्यै नसेलाएको होस् ।<br>**भजनसंग्रह ८४:१-८** | ४ 20<br>प्रभुले मण्डलीमा थपिरहनुभएका नयाँ आत्माहरूलाई प्रभुमा हुर्काउनको निम्ति सबैजना बोझसहित लागिपर्न सकौं ।<br>**मत्ती २८:१८-२०** | ११ 27<br>प्रभु येशूमा भएकाहरू जीवनको सबै परिस्थितिहरूमा सधैं धन्यवादी भई जिउनको लागि अनुग्रह मागिदिऔं ।<br>**१ थेसलोनिकी ५:१६-१८** |
| **मंगलबार**<br>**Tuesday** | २३ 7<br>सबै सेवक/सेविकाहरूको सेवकाइमा पवित्र आत्माको अगुवाइ, भरपूरी र सहायता मागिदिऔं ।<br>**फिलिप्पी २:१३** | ३० 14<br>मण्डलीमा भइरहेको आत्मिकी सभामा धेरैले आत्माको भरपूरी पाउन सकून् साथै जुवाहरू भाँचिएको होस् र चंगाई तथा निको हुवाई पाउन सकून् ।<br>**यशैया ३५:३-७,१०** | ५ 21<br>सबै विश्वासीहरूको जीवनका सबै क्षेत्रमा परमेश्वरबाटको अभिप्राय अनुसार इच्छा गर्ने र काम गर्नेहरू हुँदै जान सकून् ।<br>**फिलिप्पी २:१२-१७** | १२ 28<br>हामी सबै खीष्ट प्रभुलाई जीवनको अन्तिम घडीसम्मै प्रेम गरिरहन र उहाँको भएर जिउनको लागि अनुग्रह मागौं ।<br>**यहून्ना १०:२७-३०** |
| **बुधबार**<br>**Wednesday** | २४ 8<br>घरेलु संगतिका सबै अगुवाहरूले आफ्नो झुण्डलाई हुर्काउने, बढाउने काम पवित्र आत्माको सहायताद्वारा अझ उत्साहसाथ गर्दै जान सकून् ।<br>**१ पत्रुस ५:२-४** | ३१ 15<br>हामी आफ्नो परिवारको लागि मात्र होइन तर अरूको लागि पनि प्रार्थना, सहायता, सहयोग, वास्ता गर्नेहरू भई आशिषको कारण बन्न सकौं ।<br>**१ थेसलोनिकी ५:११** | ६ 22<br>बप्तिस्मा नलिएकाहरूले प्रभु येशू खीष्टको असल साक्षी भएर जिउनको लागि बप्तिस्माको कदम उठाउन सकून् ।<br>**फिलिप्पी २:१५-१६** | १३ 29<br>परमेश्वरको वचन सुन्न, बुझ्न र सुनेको वचनलाई मनन गरी त्यसअनुसार जिउनलाई बाधा दिने सबै अन्धकारका कुराको विरूद्धमा प्रार्थना गरौं ।<br>**२ कोरिन्थी १०:३-५** |
| **बिहीबार**<br>**Thursday** | २५ 9<br>परिवारका सबै सदस्यहरू परिवारमा, मण्डलीमा र समाजमा असल साक्षी भएर जिउन सकून् ।<br>**एफिसी २:१०** | ३२ 16<br>मण्डलीका सबै दम्पत्तिहरूको पारिवारिक जीवन आफ्नो परिवार र मण्डलीको लागि आशिषमय बन्न सकून् ।<br>**भजनसंग्रह १४४:१२-१५** | ७ 23<br>सबै जवानहरू आफूले पाएको मुक्तिको सुसमाचार सुनाउन अझै बोझ र दर्शनकासाथ लागिपर्न सकून् ।<br>**रोमी १०:१४-१७** | १४ 30<br>सबै बालबालिकाहरूको आत्मिक जीवन, पढाई, स्वास्थ्य र सुरक्षाको लागि प्रार्थना गरिदिऔं ।<br>**उत्पत्ति १७:१-८** |
| **शुक्रबार**<br>**Friday** | २६ 10<br>झूटा शिक्षा र शिक्षकको भर्माउने कुराहरूबाट होशियारी रहन मण्डलीका सबै सदस्यहरूलाई पवित्र आत्मा परमेश्वरले नै सहायता गरून् ।<br>**यूहन्ना १६:१३-१५** | १ भाद्र 17<br>आराधना सेवामा आउनेहरू आत्मा र सत्यतमा आराधना गर्न र वचन सुन्नका निम्ति हृदयको तयारीमा आउन सकून् ।<br>**भजनसंग्रह १२२:१-४, २६:८** | ८ 24<br>मण्डली वचन सुन्ने मात्र होइन तर वचन पालन गरेर परमेश्वरलाई साँचो प्रेम गर्नेहरू हुन सकून् ।<br>**यूहन्ना १४:२१, २३-२४** | १५ 31<br>मण्डलीमा प्रत्येक शनिबार आउनुहुने नयाँहरूले खीष्ट येशू प्रभुलाई साँचो हृदयले प्रभु अनि मुक्तिदाता भनी विश्वास गर्न सकून् ।<br>**यशैया ४५:२०-२३** |
| **शनिबार**<br>**Saturday** | २७ 11<br>कारागारमा भइरहेको संगतिद्वारा अझ धेरैले प्रभुलाई चिन्न सकून् ।<br>**प्रेरित १६:२५-३१** | २ 18<br>प्रभुको नाउँको खातिर दुःख, कष्ट, सतावट भोगिरहनुभएका विश्वा-सीहरू प्रभुको सामर्थ्यमा बलियो हुँदै प्रभुको साक्षी हुन सकून् ।<br>**यूहन्ना १६:३३** | ९ 25<br>अधुरो घरानाका सम्पूर्ण सदस्यहरूले प्रभु येशू खीष्टले दिनुहुने मुक्ति र उद्धार ग्रहण गर्न सकून् ।<br>**प्रस्थान २०:१-६** | १६ September 1<br>विश्वव्यापी मण्डलीहरूमा हुने आराधना सेवामा परमेश्वरको इच्छा पूरा भएको होस् र उहाँलाई नै सदा महिमा मिलेको होस् ।<br>**यशैया ५५:६-१३** |